नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं.१६ गण हे.क्वा. सिन्धुपाल्चोक

## जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

सुचना नं. १

प्रथम पटक प्रकाशित मिति २०८०।०८।२९ गते ।

श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१६ गण हे.क्वा. सिन्धुपाल्चोकमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं | जिन्सी सामानहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ईलेक्ट्रोनिक सामानहरु, फर्निचरका सामानहरु, ब्याट्रीहरु तथा अन्य पुराना जिन्सी सामानहरु | रु. १२७०७४ (एक लाख सत्ताईस हजार चौहत्तर रुपैया मात्र) | रु. १००० | |

१) बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं.१६ गण हे.क्वा., सिन्धुपाल्चोकबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८०।०९।०६ गते) को कार्यालय समय भित्र बोलपत्र फाराममा तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिनेछ।

२) बोलपत्र फाराम सुचना प्रकाशित भएको ८ औं दिन को १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ। रितपुर्वक दर्ता भएका बोलपत्र फारामहरु मिति २०८०।०९।०८ गते दिनको १४:०० बजे खोलिने छ।

३) ईच्छुक बोलपत्र दाताले मिति २०८०।०९।०६ गते कार्यालय समय भित्र फर्ता नहुने गरी रु १००० (एक हजार रुपैया मात्र) रकम नेपाल बैंक लिमिटेड शाखा कार्यालय चौतारा स्थित यस सशस्त्र प्रहरी बल, नेपाल नं.१६ गण हे.क्वा सिन्धुपाल्चोकको राजश्व खाता नं. ००१०१००००००००१००१००१ कार्यालयको कोड नं ३१४०५२७०१ राजश्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर तथा नगदै बोलपत्रदाताको फर्म दर्ता प्रमाण पत्र वा ईच्छुक व्यक्ति भएमा नागरिताको प्रमाण पत्रको पमाणित प्रतिलिपिहरु संलग्न राखि बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

४) बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारण वस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ।

५) बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोक नेपाल बैंक लिमिटेड शाखा कार्यालय चौताराको धरौटी खाता नं. ०५७०१०००००२००३०००००१ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

६) स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको – ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ।

७) बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिने छ ।

८) उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं.९८५१२७२१३३ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ ।यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- मा समेत राखिएको छ ।